वैठक नं. १२

आ.व. २०८२/०८३

आज मिति २०८२/१२/२३ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल. | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

बाह्रौं कार्यपालिका बैठक

आ.व.२०८२/०८३

मितिः२०८२/१२/२३

समयः  दिउसो २.०० बजे

स्थानः नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१. समीक्षा सम्बन्धमा।
२. नदीजन्य पदार्थको आय ठेक्का सम्बन्धमा।
३. विपद् व्यवस्थापन सम्बन्धमा।
४. संकलित ढुङ्गाको लिलाम बढाबढ प्रयोजनार्थ सूचना प्रकाशन सम्बन्धमा।
५. नियुक्ती तथा पदस्थापना सम्बन्धमा।
६. LGPAS को प्रारम्भिक नतिजा सम्बन्धमा।
७. प्राथमिकता प्राप्त आयोजनाका लागि नदीजन्य पदार्थको उत्खनन् तथा निकासी अनुमति सम्वन्धमा।
८. शित भण्डार(कोल्ड स्टोर) को ठेक्का आव्हान सम्बन्धमा।
९. कृषि हाटबजार सम्बन्धमा।
१०. कृषि विकास शाखा तथा नगर प्रहरी आवास सम्वन्धमा।
११. आर्थिक सहायता सम्बन्धमा।
१२. आलोक चक्रपथ सम्बन्धमा।
१३. राइनो संरक्षण गोल्डकप फुटवल प्रतियोगिता सम्बन्धमा।
१४. महिला बालबालिका तथा समाजकल्याण शाखा तर्फको बजेट सम्बन्धमा।
१५. बजेट विनियोजन सम्बन्धमा।

निर्णयहरुः

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो।
२. नगरपालिका अन्तर्गतका गिरुवारी खोला र अरुणखोलाबाट आर्थिक वर्ष २०८२/०८३ मा उत्खनन् र विक्री गर्ने प्रयोजनार्थ प्रारम्भिक बातावरणीय परीक्षण स्वीकृत भई राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट सहमति प्राप्त भएका खण्ड र परिमाणमा विद्युतीय बोलपत्रको माध्यमबाट आय ठेक्काको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

३. नगरस्तरीय विपद् व्यवस्थापन समितिको सिफारिस बमोजिम नगरपालिका क्षेत्र भित्र रहेका अरुणखोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् तथा संकलन कार्यका लागि घनत्व निर्धारणको स्थलगत अध्यावधिक प्राविधिक प्रतिवेदन (IEE) बमोजिम झोलुंगे पूल सिमा क्षेत्र अन्तर्गत पर्ने देहायका खण्डहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् तथा संकलन कार्यको लागि जिल्ला विपद व्यवस्थापन समितिको निर्णयानुसार हुने गरी तपशिलका थप खण्डहरुको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् तथा संकलनको अनुमतिको लागि सिफारिस गरी पठाउने ।

क. अरुणखोला रातो पहरा खण्ड १

ख. अरुणखोला दाद्रा खण्ड १

ग. अरुणखोला फोहरमैला खण्ड १

४. मध्यविन्दु नगरपालिकाको राजश्व परामर्श समितिको सिफारिस अनुसार अरुणखोला क्षेत्रमा वेवारिसे रुपमा रहेका ढुङ्गाहरु संकलन गरी अरुणखोलामा ढुवानी गर्दा परेको लागत, गण्डकी प्रदेशको आर्थिक ऐन, २०८२ र आ. व २०८१/ ८२ मा सोही प्रकृतिको ढुङ्गाहरुको कायम मूल्य समेतलाई आधार मानी प्रति घनफिट रु २२।६८ (कर बाहेक) कायम गरी लिलाम बढाबढका लागि सूचना प्रकाशन गर्ने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बढुवा समितिको सचिवालयको च. नं. १८ मिति २०८२।१२।०६ को पत्रवाट बढुवा सिफारिस भई आउनुभएका तपसिलका कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १६ बमोजिम नियुक्ती तथा पदस्थापना गर्ने।

| क्र. सं. | नामथर | क. सं.नं. | सेवा/समूह | पद/तह | नियुक्ति लागु मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मीना भट्टराई भण्डारी | ४-४७-४८३३-०४१८६ | प्रशासन/ सा. प्रशासन | प्रशासकीय अधिकृत /सातौं | २०८२। १२।०८ | बढुवा सूचना नं. १०/२०८२-८३ (ज्येष्ठता) |
| २ | कल्पना आचार्य शर्मा | २३६७०८ | प्रशासन/ लेखा | आ.ले.प. अधिकृत/ सातौं | २०८२। १२।११ | बढुवा सूचना नं. १९/२०८२-८३ (कार्यक्षमता) |

६. सम्बन्धित शाखाबाट सूचकका पुष्टाइका आधार र प्रमाण सहित प्रणालीमा पेश भई तयार भएको आ. व. २०८१।८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको प्रारम्भिक नतिजामा प्राप्त अङ्क ७३.६ लाई पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने।

७. समानान्तर/ बुद्ध हिमाली जे. भी. काठमाडौंले सघन शहरी तथा भवन निर्माण आयोजना चितवनबाट नवलपुर सदरमुकाममा संघीय सरकारी कार्यालय भवन निर्माण एवम् सम्बन्धित अन्य पूर्वाधार निर्माण गर्न ठेक्का नं. PUDBC Chitwan/NCB/works68/081/082 को सम्झौता भए बमोजिम आयोजनालाई आवश्यक पर्ने नदिजन्य पदार्थ ३०,०००। घनमिटर उपलब्ध गराइदिनुहुन भनी मिति २०८२/७/२८ मा निवेदन पेश भएको। साथै उक्त नदिजन्य पदार्थ अरुणखोलामा रहेको मेम्को इन्जिनियरिङ्गको घुम्ती क्रसिङ्ग प्लाण्टमा क्रसिङ्ग गरी लैजाने अनुमति दिनु हुन भनी मिति २०८२।१२।१९ मा निवेदन पेश भएको।

सघन शहरी तथा भवन निर्माण आयोजनाको च. नं. ७५७ मिति २०८२/१२/१६मा निर्माणाधिन नवलपुर नमुना सदरमुकाम निर्माण कार्यको लागि आवश्यक पर्ने निर्माण सामग्री (नदीजन्य पदार्थ) उत्खनन्, आपूर्ति तथा निकासी प्रदान गर्ने सम्बन्धमा पत्र प्राप्त भएको। साथै च. नं. ७४६ मिति २०८२/११/११ मा नवलपुर सदरमुकाममा संघीय सरकारी कार्यालय भवन निर्माण एवम् सम्बन्धित अन्य पूर्वाधार निर्माण गर्न ठेक्का नं. PUDBC Chitwan/NCB/works68/081/082 आयोजना शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत ब.उ.शि.नं. ३४७०११०५ भवन निर्माण संहिता, सरकारी भवन शिर्षक अन्तर्गत पर्ने र रातो किताब २०८१/८२ अनुसार प्राथमिकता **p1** प्राप्त आयोजनाको रुपमा कायम रहेको सिफारिस प्राप्त भएको। साथै मेम्को इन्जिनियरिङ्ग प्रा. लि. र बुद्ध हिमाली कन्सट्रक्सन प्रा. लि. बीच मिति २०८२।११।१९ मा भएको सम्झौता पत्र प्राप्त भएको।

ढुङ्गा, गिटी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को बुदाँ १२ मा ठूला रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था बमोजिम आयोजनाहरुको लागि नदीजन्य पदार्थ अभाव हुन नदिन आवश्यक पर्ने नदीजन्य पदार्थ नियमानुसार दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री संकलनको व्यवस्था मिलाउनु पर्नेछ भन्ने कानुनी आधार बमोजिम नवलपुर सदरमुकाममा संघीय सरकारी कार्यालय भवन निर्माण एवम् सम्बन्धित अन्य पूर्वाधार निर्माण गर्न ठेक्का नं. PUDBC Chitwan/NCB/works68/081/082 को निर्माण व्यवसायी समानान्तर/ बुद्ध हिमाली जे.भी. काठमाडौंलाई अरुणखोलाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको खयरसाल खण्ड घ बाट ३०,००० घनमिटर निर्माण सामग्री (नदीजन्य पदार्थ) उत्खनन् आपुर्ति तथा निकासीका लागि प्रचलित कानुन बमोजिम नियमानुसार राजश्व लिई अनुमति प्रदान गर्ने। साथै उक्त नदीजन्य पदार्थ क्रसिङ्ग गर्नका लागि मध्यविन्दु ११ मा रहेको मेम्को इन्जिनियरिङ्ग प्रा. लि. लाई मिति २०८३ असार मसान्त सम्म अनुमति प्रदान गर्ने।

८. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रममा यस नगरपालिकाको मिति २०८१।५।२७ गतेको कार्यपालिकाको निर्णय बमोजिम पेश भएका आयोजनाहरु मध्ये शितभण्डार निर्माण मध्यविन्दु २ आयोजना भारतीय राजदुतावासबाट स्वीकृत भई मिति २०८२। १२।१९ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भारतीय राजदुतावास काठमाडौं र मध्यविन्दु नगरपालिका बीच कुल लागत रु. ५,७६,८४,८८३/- भएको समझदारी पत्र अनुरुप ठेक्का प्रक्रिया अगाडि बढाउने। आयोजना स्वीकृत गरी त्रिपक्षीय सम्झौता भएकोमा भारतीय राजदुतावास, काठमाडौं र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्ने।

९. नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च. नं. ५१८ मिति २०८२/१२/१७ को पत्रानुसार नगर क्षेत्र भित्र रहेका हाटबजार नियमित सञ्चालन तथा व्यवस्थापन गर्न थप पूर्वाधार निर्माण गर्नुपर्ने भएकोले आवश्यक बजेट व्यवस्थापनका लागि सम्वन्धित मन्त्रालयमा माग गर्ने।

१०. कृषि विकास शाखा भवनको कोठा मर्मत तथा व्यवस्थापनका लागि दक्षिण पूर्वतर्फको कोठाको प्यासेजको वाल भत्काई निर्माण कार्य अगाडि बढाउने। साथै नगर प्रहरीको आवास निर्माण गर्नका लागि गेट नजिक रहेको साइकल स्टयाण्डलाई स्तरोन्नति गर्ने।

११. तपसिलका व्यक्तिहरुलाई अन्य सामाजिक सहायता शिर्षकबाट देहाय वरावरको आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | नामथर | वडा नं. | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | जितेन्द्र गौतम | १० | १०,०००।- | उपचाररत, आर्थिक अवस्था कमजोर |
| २ | लाल वहादुर चौधरी | १२ | ८०००।- | आर्थिक अवस्था कमजोर, ठूलो बुवाको मृत्यु काजक्रिया |

१२. मध्यविन्दु नगरपालिकाको वडा नं. ५, ६ र ७ मा पर्ने आलोक चक्रपथको चोरमारा देखि दाउनवारी सम्म जाने बाटोमा दैनिक रुपमा सवारी चाप बढ्दै गएकोले सडक फराकिलो बनाउन आवश्यक भएकोले सम्वन्धित वडाध्यक्षको समन्वयमा सडकको दायाँबायाँ नगरको जे.सि.वि. प्रयोग गरी स्तरोन्नति गर्ने।

१३. मध्यविन्दु नगर क्षेत्र भित्र सञ्चालन हुने राष्ट्रिय स्तरीय राइनो संरक्षण गोल्डकप फुटवल प्रतियोगितालाई रु ८ लाख बजेट व्यवस्थापन गर्ने। सो का लागि हिउँदे नगरसभाबाट विनियोजन गरिएको अरुणोदय गोल्ड कप प्रतियोगिताको रु २ लाख ५० हजार, पर्यटन प्रवर्द्धन शिर्षकबाट रु २ लाख ३३ हजार र संस्थागत विकास तथा समन्वय शिर्षकबाट रू ३ लाख १७ हजार विनियोजन गर्ने।

१४. आ. व. २०८२/८३ का लागि महिला बालबालिका तथा समाजकल्याण शाखा तर्फ विनियोजन भएका देहायका शिर्षकहरुबाट देहाय बमोजिमका कार्यक्रमका लागि रकम व्यवस्थापन गर्ने।

क. महिला तर्फ

| क्र. सं. | कार्यक्रमको नाम | रकम रु | विनियोजन शिर्षक/ बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | जुत्ता चप्पल बनाउने तालिम | ५००,०००।- | उप प्रमुखसँग महिला उधमशिलता र सशक्तीकरण कार्यक्रम (२२ लाख पचास हजार) | वडा नं.१०, ११ र १२ |
| २. | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. १ |
| ३. | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. २ |
| ४. | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. ३ |
| ५. | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. ४ |
| ६. | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. ५ |
| ७. | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. ६ |
| ८. | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. ७ |
| ९. | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. ८ |
| १० | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. ९ |
| ११ | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. १० |
| १२ | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. ११ |
| १३ | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. १२ |
| १४ | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. १३ |
| १५ | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. १४ |
| १६ | महिला लक्षित कार्यक्रम | १००,०००।- | | वडा नं. १५ |
| १७ | वडा नं ४ मा जुत्ता चप्पल बनाउने तालिम | १४०,०००।- | | वडा नं. ४ |

| | | | | |
|---|---|---|---|---|
| १८ | महिला शिल्पकला केन्द्र चोरमारा | १००,०००।- | | वडा नं. ७ |
| १९ | विविध | १०,०००।- | | |

ख. दलित तर्फः

| क्र. सं. | कार्यक्रमको नाम | रकम रु | विनियोजन शिर्षक/ बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | उद्घोषण तथा नेतृत्व विकास | ४००,०००।- | दलितहरुको परम्परागत सीप, कला, संरक्षण तथा सशक्तीकरण कार्यक्रम (१० लाख) | |
| २. | इन्टर लक मेसिन र इलेक्ट्रिक आरन अनुदानमा वितरण | ६००,०००।- | | |

ग. आदिवासी जनजाति तर्फ

| क्र. सं. | कार्यक्रमको नाम | रकम रु | विनियोजन शिर्षक/ बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | बारिष्टा तालिम चोरमारा क्षेत्र | ४००,०००।- | जनजातिहरुको सीप विकास कार्यक्रम (९लाख) | |
| २. | बारिष्टा तालिम आरुङ्खोला क्षेत्र | ५००,०००।- | | |

१५. तपसिलका उल्लिखित शिर्षकबाट देहायका कार्यक्रम/ आयोजनाहरुमा बजेट विनियोजन तथा खर्च रकम अनुमोदन गर्ने।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | रकम रु | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | पञ्चपाण्डव कृषक समुह सिँचाई मोटर खरिद | ४ | १००,०००।- | सिँचाई मर्मत |
| २ | चिसापानी कुलो डुडि निर्माण | १५ | ६०,०००।- | |
| ३ | कोटथर तल्लो धारा खानेपानी मर्मत | १३ | २००,०००।- | |
| ४ | इटौरा सिँचाई कुलो बाँध निर्माण | ३ | २००,०००।- | |
| ५ | सिमले कुलो डुडी मर्मत तथा निर्माण | १५ | १००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ६ | हर्षपुरा तल्लो भिउरान खाडिमा कुलो मर्मत तथा निर्माण | १५ | ३०,०००।- | |
| ७ | सकरात्मक परिवर्तनः मध्यविन्दुको विकास यात्रा २०८२।८३ (मध्यविन्दु सञ्चार सेवा प्रा. लि.) | | १८०,०००।- | पत्रपत्रिका रेडियो तथा टेलिभिजन प्रवर्द्धन |
| ८ | रानीटार ज्योती मण्डली इन्टरलक ब्लक लगाउने कार्य | ८ | २००,०००।- | धार्मिक स्थल संरक्षण तथा प्रवर्द्धन |
| ९ | शिवालय मन्दिर पूर्वाधार मर्मत | १३ | ३०,०००।- | |
| १० | अकला देवी मन्दिर पूर्वाधार निर्माण | १३ | ३०,०००।- | |
| ११ | रानीटार अधुरो सभाहल निर्माण | ८ | २००,०००।- | |
| १२ | ॐ कारेश्वर ज्ञान पीठ समूहको अधुरो भवन निर्माण | ३ | ५०,०००।- | |